निर्णय नं १

नगरपालिकाको निम्नानुसारका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क) भ्यू टावर सन्चालन कार्यविधि

ख) साना समुह सन्चालन कार्यविधि

ग) नगरपालिका भित्र कार्यरत श्रमिकहरुको वीमा गर्ने कार्यविधि

निर्णय नं. २

चालु आर्थिक वर्षमा उत्कृष्ट कार्य गर्ने देहाय अनुसारका कर्मचारीलाई आगामी नगरसभावाट पुरस्कृत गर्ने र यस कार्यलाई प्रत्येक नगरसभामा निरन्तरता दिने निर्णय गरियो ।

क) ई श्री प्रेम वहादुर काफ्ले

ख) सहायक चौथो श्री ईन्दिरा दाहाल

निर्णय नं. ३

यस नगरपालिकामा कार्यक्रम सन्चालन गर्न सडक वोर्ड नेपालवाट रु ३० लाख प्राप्त भएको र सो को लागि यस नगरपालिकावाट लागत सहभागिताका लागि आवश्यक रकम जुटाउनु पर्ने भएकाले सम्पुरक कोषवाट रु १३ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

फिदिम नगरपालिकाका विभिन्न वडाका वडा भवन निर्माणका लागि रकम विनियोजन भै मिति २०७८।८।२२ को निर्णवाट केहि वडाका भवन मात्र थप निर्माण गर्न निर्णय भै वडा नं १४ को भवन निर्माण गर्नेमा समावेश नभएकोमा उक्त शिर्षकमा विनियोजित रकमवाट भवनको पछाडी पट्टी संरक्षण गर्न रु ६ लाख विनियोजन गरी संरक्षण कार्य सन्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

चालु आ व मा यस नगरपालिकाको वजेटमा विपद सम्वन्धि तालिम सन्चालन गर्ने कार्यक्रम समेत रहेको हँदा उक्त तालिम विपद कार्यमा संलग्न र विशेषज्ञको उपलव्धतालाई समेत ध्यानमा राखी नेपाल रेडक्रस सोसाईटी फिदिम शाखावाट गराउने निर्णय गरियो ।

निर्णय नं ६

फिदिम नगरपालिकामा चालु आ व मा शशर्त अनुदान कार्यक्रम अन्तरगत वैकल्पिक उर्जामा रु १० लाख प्राप्त भएको र नगरपालिकावाट समेत सो शिर्षकमा रकम विनियोजन गरिएकोमा उक्त रकमवाट फिदिम वजारको मुस्कान चोक देखी चारखम्वे सम्म सडक वत्ति राख्ने निर्णय गरियो ।

निर्णय नं ७

फिदिम नगरपालिकाको अनुसूची क अनुसारको आय व्यय भएकोले स्वीकृतिका लागि सो विवरण नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं ८

अनसुची १ मा संलग्न भए वमोजिम फिदिम नगरपालिकाको मध्यावधि समिक्षा तथा संशोधित आय व्ययको अनुमान २०७६ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ९

गत नगरसभावाट पारित कार्यक्रममा समपूरक कोषमा विनियोजन भएको रकम मध्ये लागत सहभागिता गरी वाँकी रहेको वजेट तथा पूजीगत भै परि आउने शिर्षकमा रहेको रकमवाट अनुसूची २ वमोजिमका योजना सन्चालन गर्न स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं १०

अनुसूची ३ वमोजिमको "विनियोजन ऐन २०७६ मा संशोधन गर्न वनेको विधेयक २०७६" स्वीकृतिका लागी नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं ११

गत नगरसभावाट तर्जुमा भएका विभिन्न योजनाहरु लागत प्रभावकारीता तथा आवश्यक्ताका आधारमा अनुसूची ४ वमोजिम परिवर्तन गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं १२

फिदिम नगर कार्यपालिकाले विभिन्न मितिमा गरेका निर्णयहरु अनुमोदनका लागी नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं १३

फिदिम नगरपालिक वडा नं ७ को वरवोटे सल्लेरी मोटरवाटो गत वर्ष निर्माण भई भुक्तानी हुन वाँकी रहेकोले भुक्तानी पाउन निवेदन गरेको हुँदा सो वाटोको रकम भुक्तानी दिने निर्णय गरियो। यसै अनुसार वडा नं १२ को प्रगतीशिल खेल मैदान निर्माण तथा मर्मतको रकम भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं १४

खानी परियोजनाले आफ्ना सघन कार्यक्रम सन्चालन गर्न ३ वटा वडा छनौट गर्न अनुरोध गरी आएकोमा उक्त कार्यपालिकाका वडा नं १३ १४ र ९ छनौट गर्ने निर्णय गरियो।

निर्णय नं १५

आर्थिक ऐन २०७६ मा देहायमा देहाय अनुसार संशोधन गर्न नगरसभामा प्रस्ताव लैजाने निर्णय गरियो।

क) अनुसूची १८ को २३ सट्टा निम्नानुसार राख्ने

भनेनियर पत्ता प्रति ट्रक रु १५००